म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


वर्ष:१५ अङ्क:- २३१ २०८१ असार २९ गते शनिबार 13 July 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

**आकस्मिक सेवा अवरुद्धबारे नेपाल टेलिकम हेटौंडाको सूचना**

नेपाल टेलिकम हेटौंडाबाट वितरित NTFTTH सेवाको जडान उपकरणहरुमध्ये केहि उपकरणहरुमा मिति २०८१/०३/२५ गते बेलुकादेखि आकस्मिक समस्या आई केहि ग्राहकहरुको NT Fiber सेवा अवरुद्ध हुन गएकोमा उक्त सेवाहरु हाल सञ्चालनमा आईसकेको व्यहोरा जानकारी गराउँदै प्राविधिक सेवा अवरुद्ध भई ग्राहक वर्गमा पर्न गएको असुविधा प्रति कम्पनी क्षमाप्रार्थी छ।

नेपाल टेलिकम, हेटौंडा

# प्रधानमन्त्री प्रचण्ड पदमुक्त




काठमाडौं: प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पदमुक्त भएका छन् । प्रतिनिधिसभाले विश्वासको मत लिने प्रस्ताव बहुमतले अस्वीकृत गरेसँगै प्रधानमन्त्री प्रचण्ड पदमुक्त भएका हुन् । एमालेले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री प्रचण्डले संविधानको धारा १०० (२) अनुसार विश्वासको मत मागेका थिए ।

२७५ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि १३८ मत चाहिन्छ । तर प्रधानमन्त्री प्रचण्डको पक्षमा ६३ मतमात्र पऱ्यो । उनको विपक्षमा १९४ मत परेको छ । र मत दिन्न भन्नेमा १ मत परेको छ । शुक्रबारको प्रतिनिधिसभाको बैठकमा २५८ जना सांसदको उपस्थिति थियो ।

१० पुस २०७९ मा प्रधानमन्त्री भएका प्रचण्डले पहिलो पटक २६ पुसमा विश्वासको मत लिँदा अभूतपूर्व समर्थन पाएका थिए । उनको पक्षमा २६८ मत परेको थियो भने विपक्षमा २ मतमात्र परेको थियो ।

दोस्रो पटक ६ चैत २०७९ मा १७२ मत पाए । तेस्रो पटक ३० फागुन २०८० र चौथो पटक ७ जेठमा विश्वासको मत लिँदा समान १५७ मत पाएका थिए । तर यो पटक कांग्रेस र एमालेले नयाँ सरकार बनाउने सहमति गरेसँगै उनी अल्पमतमा परे । साना दलहरूले समेत साथ दिएनन् । उनलाई आफ्नै दल माओवादीसँगै राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीले मात्र मत दिएको छ ।

### प्रचण्डले छाडे बालुवाटार

प्रधानमन्त्रीबाट पदमुक्त भएसँगै प्रचण्डले प्रधानमन्त्री निवास बालुवाटार छाडेका छन् । उनी प्रधानमन्त्रीबाट पदमुक्त हुने बित्तिकै राष्ट्रपतिसँग भेटेपछि बालुवाटार छाडेका हुन् ।

बालुवाटार छाडेसँगै प्रचण्ड आफ्नो निजी निवास ललितपुरस्थित खुमलटारमा सरेका छन् । यसअघि प्रतिनिधि सभाले विश्वासको मत लिने प्रस्ताव बहुमतले अस्वीकृत गरेसँगै प्रधानमन्त्री प्रचण्ड पदमुक्त भएका थिए ।

### प्रधानमन्त्रीमा केपी ओलीको दाबी पेश

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीमा दाबी पेश गरेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभामा विश्वासको मत नपाएसँगै राष्ट्रपति रामचन्द्र पौडेलले नयाँ सरकार गठनका लागि दलहरूलाई आह्वान गरेका थिए ।

राष्ट्रपतिले संविधानको धारा ७६(२) अनुसार प्रतिनिधिसभाको दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठनका लागि दाबी पेश गर्न आह्वान गरेका हुन् । उनले दाबी पेश गर्न ७२ घण्टाका् समय दिएका छन् ।

शुक्रबार राष्ट्रपति भवन शीतल निवास पुगेर अध्यक्ष ओलीले दुई वा दुईभन्दा बढी दलको सरकार बनाउनेसम्बन्धी संविधानको धारा ७६(२) अनुसार प्रधानमन्त्रीमा दाबी पेश गरेका हुन् । ओलीले संसद्को पहिलो दल कांग्रेसका ८८ र दोस्रो दल एमालेका ७७ गरी १६५ सांसदको समर्थनमा प्रधानमन्त्रीमा दाबी पेस गरेको कांग्रेसका एक नेताले बताए । ओली कांग्रेस सभापति शेरबहादुर देउवालाई साथमा लिएर राष्ट्रपति भवन शीतल निवास पुगेका थिए । *(स्रोत: अनलाइनखबर)*

# भुक्तानी माग गर्दै सडक कार्यालयमा तालाबन्दी

समाज संवाददाता

हेटौंडाः भुक्तानी माग गर्दै मकवानपुरका निर्माण व्यवसायीहरुले सडक डिभिजन कार्यालय हेटौंडामा तालाबन्दी गरेका छन् । शुक्रबार निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलको नेतृत्वमा व्यवसायीहरुले कार्यालयमा तालाबन्दी गरेका हुन् ।

आर्थिक वर्ष २०८०/०८१ मा सडक डिभिजन कार्यालय हेटौंडाअन्तर्गत् भएको ठेक्का सम्झौताअनुसार निर्माण व्यवसायीहरुले समयमा नै म्याद थप भई प्रक्रिया पूरा गरी बिल पेश गरिसकेको अवस्थामा भुक्तानी रोकेको भन्दै आफूहरुले कार्यालयमा तालाबन्दी गरेको संघका अध्यक्ष कँडेलले बताउनुभयो । घर जग्गासमेत धितो राखेर काम सम्पन्न गरेपनि असार मसान्तसम्म कामको भुक्तानी नपाएपछि कार्यक्रम गर्न बाध्य भएको उहाँको भनाइ छ ।

सम्झौताबमोजिम काम गर्दा पनि राज्य निकायले यस्तो व्यवहार गरेको भन्दै उहाँले आफूहरु योभन्दा ठूलो सशक्त सडक आन्दोलनमा जाने चेतावनीसमेत दिनुभयो । सडक डिभिजनबाट सबैभन्दा बढी रकम भुक्तानी पाउन बाँकी रहेकाले पहिलो चरणमा सडक डिभिजनमा तालाबन्दी गरेको उहाँले बताउनुभयो ।

अन्य निकायबाट पनि रकम भुक्तानी पाउन बाँकी रहेको उहाँले बताउनुभयो । उहाँले कार्यक्रममार्फत् सबै निकायलाई यथाशिघ्र तुरुन्त भुक्तानी गर्न माग गर्नुभएको छ । मकवानपुरमा अहिले व्यवसायीहरुले सडक डिभिजनबाट २२ करोड रुपैयाँभन्दा बढी रकम र अन्य निकायमा २० करोडभन्दा बढी रकम भुक्तानी पाउन बाँकी रहेको उहाँले बताउनुभयो । धेरैजसो सडक र पुलको भुक्तानी पाउन बाँकी रहेको अध्यक्ष कँडेलले बताउनुभयो । जसमध्ये पुलको १२ करोड रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको उहाँको भनाइ छ ।

यस्तै, संघ मकवानपुरका महासचिव राजेन्द्रप्रसाद चौलागाईले आफूहरुले सरकारी निकायबाट व्यवसायीहरुलाई दुर्व्यवहार भएको बताउनुभयो । आफूहरुले गरेको कामको भुक्तानी नपाउँदा निर्माण व्यवसायीमा आश्रित गाडी चालक-सहचालक र सबै कामदारलाई तलब दिन नसकिरहेको बताउनुभयो । उहाँले राज्यका निकायहरुले आफूहरुलाई मारमा पारेको बताउनुभयो । उहाँले सकड डिभिजनसँग भुक्तानीबारे सम्झौता नभएसम्म आफूहरुले कार्यालयमा धर्ना दिने बताउनुभयो ।

# राक्सिराङले दियो विद्यालयहरुमा वर्षे विदा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाले आइतबारदेखि विद्यालयहरुमा वर्षे विदा दिने भएको छ । शुक्रबार एक सूचना जारी गर्नुहुँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले असार ३० गतेदेखि भदौ १ गतेसम्म पालिकाभित्रका विद्यालयहरुमा वर्षे विदा दिएको जानकारी गराउनुभयो ।

अहिले नियमित वर्षाका कारण बाढी, पहिरो तथा खोलाको कारण धेरैजसो विद्यालयमा विद्यार्थीहरु विद्यालयसम्म पुग्न जोखिम भएको अवस्थालाई मध्यनजर गरेर विदा दिएको प्रमुख प्रशासकीय अधिकृत गर्तौताले बताउनुभयो । भौगोलिक विकटताका कारण वर्षा हुँदा विद्यार्थी र शिक्षकहरुलाई समेत विद्यालय आवजजावत गर्न समस्या हुने गरेको उहाँले बताउनुभयो ।


केही दिनअघिको अविरल वर्षाले गर्दा गाउँपालिकाको शैक्षिक सत्र २०८१ को पात्रोबमोजिम हुने प्रथम त्रैमासिक परीक्षा गराउन पनि नसकिरहेको भन्दै उहाँले उक्त परीक्षा भदौ महिनामा स्रोत विद्यालयस्तरीय प्रधानाध्यापकको बैठकको निर्णयअनुसार सञ्चालन गरिने बताउनुभयो । पालिकाभित्र ५२ सामुदायिक र एक निजी विद्यालय छन् ।

# ढुंगा खसेर लाग्दा बस चालक विकको मृत्यु

समाज संवाददाता


हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, सत्रकिलोमा माथिबाट लेदोसहितको पहिरोसँगै ढुङ्गा खसेर बसमा लाग्दा बस चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा नवलपरासी सुनवल नगरपालिका-४ का ३६ वर्षीय मेगनाथ विक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार बिहान ३ बजेको समयमा नारायणगढ-मुग्लिन सडकखण्डमा बुटवलबाट काठमाडौंतर्फ जाँदै गरेको लु २ ख ६५६६ नम्बरको बसमा अचानक माथिबाट लेदोसहितको पहिरोसँगै खसेको ढुङ्गाले लाग्दा विक गम्भीर घाइते भएका थिए । घाइते चालकलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा बिहान ३ बजेर ५० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।









# मेरो साथी



✍न्यान्सी न्यौपाने

सानैदेखि चञ्चले हाम्रो यो मन
कहिल्यै नछुटिने खायौं कसम
सानैदेखि एउटै मन एउटै ठाउँमा
हुर्किएका हामी घर छुटाछुटै भए पनि
कसैले छुट्याउन सक्दैन हाम्रो मित्रता फेरि

एकै थालमा भात खानी हो हाम्रो बानी
एकले अर्कोलाई सहयोग गर्नेछौं हर घडी
हामी साथी हौं कि दिदीबहिनी छुट्याउन सक्दैनन्
हामी दुईको मित्रतामा कोही आउने छैनन्

जसरी खोला बगिरहन्छ सलल
त्यसैगरी हाम्रो मित्रता चलिरहन्छ निरन्तर
गाउँमा खेलेको हामी दुई साथी
आरु लोभिएका छन् हाम्रो मित्रता माथि

सबैलाई माया गर्ने हो हाम्रो बानी
त्यसैले त सबैले भन्छन् सानी नानी
बोल्ने नबोल्ने सबै कुरा चलिरहन्छ हाम्रो बीचमा
तर आएर कोही तेस्रो आउन सक्दैन हाम्रो बीचमा ॥

*कक्षा-७, बालज्योति मावि, हेटौंडा-५*

# भानुभक्त आचार्य



✍सम्यता कुँवर

चिनिन्छ उनलाई भानुभक्त भनी
शान्त स्वभाव भएका थिए उनी ज्ञानी

संस्कृतको रामायणलाई नेपालीमा लेखेर
पूर्ण नेपाली हर्षित हुन्छन् उनको यो महान काम देखेर


आदिकवि भए उनी थुप्रै कविता लेखी
चर्चित भए हामी माफ्न कविता लेखेदेखि

पिताको नाम थियो उनको धनञ्जय
वि.स १९२५ मा हामीलाई छोडी गए

*कक्षा-७, बालजागृति इङ्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*


# बुधबारे बालसाहित्य


यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।




सम्पादक ।

# चित्रकला





दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-४






तिलक विक
कक्षा-६, सिद्धार्थ शिशु सदन
हेटौंडा-५





यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौंडा-५







मितुल राई
नवोदय शिशु सदन
हेटौंडा-४





आइसा श्रेष्ठ
कक्षा-६, रस्सल एकेडेमी
हेटौंडा-९





विकल्प मान सिंह
नवोदय शिशु सदन
हेटौंडा-४

# तिमि को नै हौ ?



✍श्रीयसी कार्की

हारेको मान्छेलाई झनै
नहराऊ भन्छौ तिमी
म त हारेको थिइनँ
किन हराउन चहान्छौ मलाई तिमी ?
तिमी त भ्रममा पो रहेछौ
जितेको विजेतालाई किन
हराउन चहान्छौ तिमी ?

सधैं आफूलाई ठुलो ठान्छौ
तिमी तर छैनौ तिमी
नक्ली विजेताको ताज
किन लगाउन चहान्छौ तिमी ?
तिमी को हौ त ?
न हौ तिमी यो देशको
राष्ट्रपति न
तिम्रो औकात नै के छ र ?
त्यही पनि धाक किन
देखाउँछौ तिमी ?

तिमीझैं अरुलाई
होचाउने बानी छैन मेरो
तिमीझै अरुलाई
रुवाउने बानी छैन मेरो
तिमीझै अरुलाई
निरुत्साहित गर्ने बानी छैन मेरो
तिमीझै अरुलाई
शब्दले मार्ने बानी छैन
तिमी को हौ र ?
किन लगाउँछौ आत्मविश्वासको
नक्कली नकाव तिमी ?
आफू नक्कली नकाव लगाई
किन तोड्छौ अरुको

सक्कली आत्मविश्वास तिमी ?
पर्दा पछि आफ्नो कमजोरीलाई
लुकाउँछौ तिमी
अरुको कमजोरीलाई
किन देखाउँछौ तिमी ?

आफ्ना गल्ती लुकाउछौ तिमी
अरुका गल्ती किन देखाउँछौं
आफ्नो विगतलाई
अन्धकारमा राख्छौ तिमी
किन अरुको विगतलाई
घिसार्छौ तिमी ?

आत्मसमानको नक्कली
गहना लगाउँछौ तिमी
कसरी अरुको अपमान गर्छौ तिमी
औकात नै के छ र तिम्रो ?
न हौं तिमी एला मस्क र विलगेट
न कोही धनी मानिस ?
तिमी त को नै हौ र

मैले सम्झें तिमी
एक अहङ्कारी लास हौ ।

सोचेको पनि थिएनौ होला तिमीले
तिम्रा शब्दका गजलाई तोड्न
एक मजबुत भिटा आउने छ
जसले तिमीले तोडेका
भिटालाई जोड्ने छ
ती भिटालाई बाण तोड्न लगाउनेछ

तिम्रो अहङ्कारलाई चप्पलमुनी
राख्ने ए मानिस आउँछ
तिमीले सोचेको पनि थिएनै होला
तिम्रो त्यो नक्कली आत्मसम्मानको
गहना तोड्न ए मानिस आउँछ,
तिमीले सोचेको पनि थिएनौ होला

तिम्रो त्यो नक्कली आत्मविश्वासको
नकाबलाई हटाउँछु म
तिमी को हौ र ?
न हौ तिमी त्यो
अन्धकार रातमा प्रकाश दिने चन्द्रमा
न हौ तिमी सूर्यझैं तेज छर्ने
तिमी को नै हौ ?
तिमी एक सामान्य व्यक्ति

अरुलाई तोड्न हैन जोड्न सिक तिमी
पर्दा पछाडि लुकेका छौ तिमी
आफूलाई प्रस्तुतीकरण गर्न सिक तिमी
यही नै हो मेरो सुझाव अनि चेतावनी

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# मजदुर



✍राशिका खनाल

मजदुर सधैंभरि मिहिनेत गर्छ
आफ्नो हक पाउनलाई सधैं भरि लड्छ ।

दु:ख, कष्ट गरी कष्ट गरी आफ्नो पेट पाल्छ
परिवार र सन्ततीको राम्रो ख्याल राख्छ ।

अहङ्कार गर्दैन ऊ सबको काम गर्छ
आफू भन्दा अगाडि ऊ कामलाई राख्छ ।

युवाहरु देशका त विदेश र खाडी
मजदुर गर्छ काम सबैलाई बाढी ।

विकासको बाटो मानी देशलाई लान्छ,
मजदुर सधैंभरि मिहिनेत गर्छ ।

*कक्षा-८, जीएस निकेतन मावि, हेटौंडा-५*

# अनौठो रोग

**लघुकथा**



✍वेदाङ्ग सुवेदी

विषमलाई एउटा अनौठो रोग लागेको थियो। बिर्सने रोग उसलाई बुबाले पानी ल्याइदिन भन्नुभयो । ऊ भान्सामा गयो तर बिर्सियो । उसले यो रोगको उपचार गर्ने धेरै प्रयास गर्यो आमाले उसलाई एउटा डायरी दिनुभयो र भन्नुभयो बाबु अब एउटा दैनिकी गर्नुपर्ने कार्यको सूची बनाउ अनि खल्तीमा राख भन्नुभयो । उसले आमाले भने बमोजिम नै गर्न थाल्यो । अर्को दिन आमाले सोध्नुभयो बाबु खै त डायरी ? उसले बिर्सियो ।

*कक्षा-९, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# बाढि पहिरो



✍श्रेयातिमल्सिना

देश ग्रस्त छ बाढी र पहिरोले
कति मरे कति हराए बिचरा ति
गुहार माग्दै कति कराए
आज ६५जना कहिले ७ जाना
कहिले कति कहिले कति
वर्षै सालको बर्खायाममा भएको छ दुर्गति
सिङ्गो नेपाल शोकमा छ
तिम्रो मनमा अलिकति पनि
चिसो पसेन ?
यो अवस्थामा पनि तिम्रो ध्यान
राजनितिको झोकमा छ
तिमि सत्तामा कोट मैलिएलाकि
भनि डराउनेलाइ के थाहा
कति जनता तिम्रो नाम डाक्दै हिलोमा लत्पतिरहेका छन
तिम्रै आश गर्दै चिच्याइ छट्पटी रहेका छन्
तर बिडम्बना ! देश चलाएका छन
अन्धा र पहिरोले
घर बगायो बस्ती डुब्यो
बाढि र पहिरोले

सबैको सकुसल उद्दार होस
उद्दार कर्मिहरुले पनि सचेतना अपनाउनु होला,
उद्दारमा खटिनु हुने सम्पूर्ण निकायप्रति सादर नमन

# म



✍जिज्ञासा चौरेल


म मनको धनी धनको गरिब
गाउँमै रमाउँछु म
धनको धनलाई सपना भन्छु म
मनको धनलाई अगाडि बढाउँछु म

जातभात छुवाछुत सबै रूढीबादी
एकता नै ठूलो हुन्छ
एकतामै हराउँछु म
म मनको धनी धनको गरिब गाउँमै रमाउँछु म

ठूला घर ठूला सहर मलाई चाहिँदैन
गाउँको झुपडी राम्रो हुन्छ झुपडीमै निदाउँछु म
म मनको धनी धनको गरिब गाउँमै रमाउँछु म

*कक्षा-७, बालजागृति इङ्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# भानु तिमी



✍आभाष न्यौपाने

भानुभक्त नाम गरी
प्रख्यात लोकमा सारा
साहित्य आकाशका
एक चम्किला तारा

जनमन जोड्ने कृति
छाडी उपहार भनी
सम्झन्छ जगतले उनलाई
आज विती गएपनि

मिल्यो जसै प्रेरणा
ती घाँसीका कामले
चिनिन्छन् लोकमा आज पनि
आदि कविका नामले

*कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४*

# मुक्तक



✍अजिता ओझा

१
टुटे सबै सपना पुरा भएनन् सानू ती वाचा पनि
मेरो अघि फिक्का लाग्छ भन्थ्यौ जूनतारा पनि
कलिको कृष्ण रहेछौ सम्झी म राधा बनी बसम्ला
तिम्रो साथमा गोपिनी या त रुक्मिणी भए तापनि

२
कत्तिलाई बनायो टुहुरो किन सँगै लगेन
सर्वस्व लग्यो र पनि दुख पहिले झैं लगेन
यसपाली पनि आयो बाढीपहिरो पहिले जस्तै
उनै गरिबलाई लग्यो गरिबी कहिल्यै लगेन

## गाउँखाने

१. थालैभरि भात, बिटभरि तरकारी । थालमा भात भयो, बिटमा दाल, नाच्यो पाक्यो उठाउन थाल ।
- गरामा धान र आलीमा मास

२. थालमा नाच्दो खेल्दो, त्यसपछि घाम ताप्दो ।
- रोटी पकाएको

३. तीन टाउको दस खुट्टा, काम छ चर्को बाँझो कुट्टा ।
- गोरु जोतेको

४. दुईटा शत्रु जुध्न थाल्दा एउटा डाँडाले छेक्छ ।
- नाकको डाँडी

५. तीन शिर दस पाउ, सोऱ्ह तन्तु एक घाउ ।
- हलो जोत्न लागेको ।

# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: समाजमा स्थापित बन्न सकिने योग छ । रोकिएका कामहरु बन्ने समय योग छ । प्रतिस्पर्धीहरु सजिलै परास्त होलान् । रोकिएका कामहरुको निकास मिल्ला । प्रशासनिक काममा आफ्नो पक्ष बलियो होला । सामाजिक धार्मिक एवं राजनैतिक कामबाट लाभ । अध्यय–अध्यापन क्षेत्र ठिकै रहला । वैदेशिक योगबाट लाभ प्राप्त होला ।

**वृष राशि**: बन्द व्यापार र पेशामा सामान्य समय रहेको छ । साथीभाई, बन्धुबान्धवले सहयोग गर्नेछन् । मन भावुक र आनन्दमा लाग्ला । नयाँ जीवनको शुरुवात होला । आम्दानी र खर्चको सन्तुलनमा ख्याल गर्नुपर्ला । दाम्पत्य जीवन ठिकै रहने समय छ । प्रयासले अध्ययन–अध्यापनमा सफलता प्राप्त होला । धार्मिक यात्रा योग होला ।

**मिथुन राशि**: निराशा र खिन्नताको अनुभूति होला । चिन्तनले वर्तमान समस्याको हल होला । प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिने योग छ । महत्वपूर्ण निर्णय लिंदा ध्यान पुऱ्याउँनु पर्ला । प्रतिष्ठामा वृद्धि भए पनि अहंकारमा हानी हुनेछ । पढाई–लेखाई ठिकै रहने समय योग छ ।

**कर्कट राशि**: हैसियतमा वृद्धि हुने समय छ । धार्मिक वा सामाजिक काममा सहभागिता जनाइएला । तिर्थव्रत देवालय आदिको भ्रमण हुने समय छ । दुर्घटना र अपमानका कारण मन निर्वल होला । यात्राबाट लाभ प्राप्त । व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । पारिवारीक वातावरण ठिकै होला ।

**सिंह राशि**: चल/अचल धनको उपयोगबाट लाभ प्राप्त होला । आर्थिक दृष्टिले राम्रै समय छ ।धनागम बढ्नुका साथै उठ्नुपर्ने रकम नउठ्न सक्छ । आफन्तको सहयोग प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक नै छ । उपहार र सम्मान प्राप्त होला । नयाँ कामको शुरुवात प्राप्त हुने समय छ ।

**कन्या राशि**: पेसा/व्यवसाय अनि कार्यक्षेत्रमा सोचे अनुरुप उन्नति र लाभ प्राप्त होला ।मनमा दोधारको अवस्था आइपर्ने छ । शरीरमा उत्साह,उमङ्ग र स्फूर्ति प्राप्त हुनेछ । मनोरञ्जनपूर्ण समय योग छ । पारिवारीक सुख र सहयोग प्राप्त होला । धार्मिक र सामाजिक काममा मन जाला ।

**तुला राशि**: समय ठिकै छ । शिक्षा–दीक्षामा अवसरको खोजी होला । धार्मिक यात्रा योग देखिन्छ । धनागम प्राप्त होला । बजेटलाई सन्तुलन राख्दा राम्रो । व्यापार– व्यवसाय मध्यमकारक रहन्छ । जाँगिरमा चुनौति र जोखिम होला । व्यक्तित्व विकास र काममा सफलता प्राप्त । धार्मिक यात्रा होला ।

**वृश्चिक राशि**: शेयर कारोबारमा अगाडि बढ्ने समय छ । पारिवारीकसँग समय बित्ला । ज्ञान र अनुभूतिमा वृद्धि होला । व्यापार–व्यवसाय ठिकै होला । पदोन्नति हुन सक्ला । कडापन त्यति हानिकारक हुँदैन । परीक्षा प्रतियोगितामा अझै प्रयास गर्नुपर्ला । सामाजिक काममा सरिक भइने छ ।

**धनु राशि**: कार्यक्षेत्र, व्यवसाय, कामधन्धामा व्यस्त रहनुपर्ला । परीक्षा प्रतिस्पर्धामा विजय प्राप्त होला । आत्मबल र हौसला प्राप्त हुनेछ । दौडधूप र धपेडीको समय छ । धार्मिक र सामाजिक काममा सरिक भइने छ । वंश, कुल र पितृ पक्षमा आकर्षण बढ्ला । प्रशासनिक क्षेत्र सफल रहने योग छ ।

**मकर राशि**: कार्य सम्पादनमा निखारता आउँला । पारिवारीक जीवन सुखमय होला । व्यापार–व्यवसाय मध्यमकारक रहला । अध्ययन–अध्यापनमा मन जाला । नसोचेको ठाउँबाट आर्थिक लाभ होला । सामाजिक धार्मिक काममा सरिक भइएला । शान्त र परोपकारी बनिएला ।

**कुम्भ राशि**: आफ्नो क्षेत्रमा इज्जत बढाइएला । नोकरीमा मन र प्रतिष्ठा प्राप्त होला । प्रेम र रोमान्सका लागि समय निकाल्दा राम्रो । शरीरमा अस्वस्थता बढ्ला । व्यापार–व्यवसायमा मन्दी होला । सहकर्मीसँग समन्वय गरी अगाडि बढिएला । स्वास्थ्य समस्याले खर्च बढ्ला । लेखाइ–पढाइमा मध्यम छ । तन्त्र, मन्त्रमा मन जाला ।

**मीन राशि**: अरुले गरेका गल्तिले आफूलाई आघात होला । माया प्रेममा समय व्यतित होला । साँझेदारी कामबाट लाभ होला । बिचारमा सहानुभूति प्राप्त होला । सबैको सहयोग प्राप्त होला । प्रणयभावमा हात बढ्ला । पदप्रतिष्ठामा अभिवृद्धि होला । घमण्ड र जिद्धीपना नगर्दा राम्रो होला ।



### मनहरी फुटबल प्रतियोगिता

# कैलाश फाइनलमा प्रवेश

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरीमा जारी फुटबल प्रतियोगताको फाइलनमा कैलाश एफसीले स्थान पक्का गरेको छ। पहिलो संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिताको फाइनलमा आयोजक सिम्पानी युथ क्लबलाई हाराउँदै कैलाश एफसी फाइनल प्रवेश गरेको हो।

शुक्रबार मनहरी-८ स्थित सिम्पानी मैदानमा भएको पहिलो सेमिफाइनल खेलमा आयोजक सिम्पानीलाई १-० गोल अन्तरले हराउँदै कैलाश फाइनलमा प्रवेश गरेको हो। कैलाशको जीतमा अभिषेक लामाले निर्णायक गोल गरेका हुन्।

उनले खेलको दोस्रो हाफको १२ औं मिनेटमा एक गोल गर्दै कैलाशलाई फाइनमा प्रवेश गराएका हुन्। खेलको म्यान अफ द म्याच कैलाशको तर्फबाट निर्णायक गोलकर्ता लामा घोषित भएका छन्।

असार २० गते भएको उद्घाटन खेलमा नमुना युथ क्लबलाई १२-० को गोल अन्तरले सहजै पराजित गर्दै आयोजक सिम्पानी क्लबले क्वार्टरफाइनलको यात्रा पूरा गरेको थियो भने बुधबार भएको क्वार्टरफाइनल खेलमा प्रदेश प्रहरी गण हेटौंडालाई २-१ गोल अन्तरले हराउँदै कैलाशले सेमिफाइनको यात्रा पूरा गरेको थियो।

प्रतियोगिताअन्तर्गत आज शनिबार हुने अन्तिम सेमिफाइनल खेलमा हासु एफसी र इन्टरनेट सिटीबीच प्रतिस्पर्धा हुनेछ भने दुई समूहको विजेता टिमले सोमबार उपाधिका लागि कैलाशसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। सो खेलका विजेताले फाइनलमा कैलाश एफसीसँग प्रतिस्पर्धा गर्नेछन्।

१२ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा ९ वटा टिम बाहिरिइसकेको आयोजक सिम्पानी क्लबका खेल संयोजक प्रकाश थिङले बताउनुभयो। गाउँपालिकाको पूर्वफुटबल खेलाडी मिलन धर्मराजको स्कुटर दुर्घटनामा निधन भएको स्मरणमा प्रतियोगिताको आयोजना गर्न सुरु गरेको उहाँले बताउनुभयो। प्रतियोगिताका लागि स्थानीय क्रसर व्यवसायी र अन्य व्यक्तिहरुबाट पनि सहयोग प्राप्त भइरहेको बताउनुभयो।

प्रतियोगिताको फाइनल खेल असार ३१ गते सोमबार हुने उहाँले बताउनुभयो। प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ, उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागततर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई ५-५ हजार रुपैयाँको नगद राशि र प्रमाणपत्र प्राप्त गरिनेछ। यस्तै, प्रतियोगिता अवधिभरको सर्वोकृष्ट खेलाडीले ७ हजार रुपैयाँ र ट्रफी प्राप्त गर्नेछन्। प्रतियोगिता आयोजनाका लागि करिब ९ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ।

# आज २११ औं भानु जयन्ती

समाज संवाददाता

हेटौंडाः आज शनिबार नेपाल तथा विदेशको विभिन्न स्थानमा २११ औं भानु जयन्ती मनाइँदै छ। नेपालका आदिकविसमेत रहेका भानुभक्त आचार्यको स्मृतिमा विभिन्न कार्यक्रम आयोजना गरिएको छ।

भानुभक्तको जन्म वि.सं. १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा भएको थियो। उनले संस्कृत भाषामा लेखिएको रामायणलाई नेपाली भाषामा अनुवाद गरेका थिए। यसकारणले भानुभक्त आचार्यलाई नेपालमा आदिकवि (प्रथम कवि) भनेर चिनिन्छ।

उनले लेखेको रामायण नेपालीहरूको घरघरमा सस्वर लयका साथ पाठ गर्ने गरिन्छ। यसैगरी उनको बधुशिक्षा, प्रश्नोत्तर, भक्तमाला, रामगीता, फुटकर जस्ता धेरै कृति छन्।

भानुभक्तको निधन वि.सं १९२५ असोज महिनामा भएको थियो। भानुभक्तको जन्मजयन्ती भारतको दार्जिलिङ, सिक्किम, भुटान, बर्मालगायत नेपाली भाषाभाषी रहेका देश एवम् स्थानमा समेत मनाउने गरिएको छ।

### बागमती गाउँपालिका बजेट विवाद

# अन्तरिम आदेश जारी नहुने

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत विरुद्ध परेको रिटमा अन्तरिम आदेश जारी नहुने भएको छ। शुक्रबार उच्च अदालत पाटन हेटौंडा इजलासका न्यायाधीशहरु युमना भट्टराई र निर्मला शाक्यको संयुक्त इजलासले यस्तो फैसला गरेको हो।

गएको आइतबार गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनासहित वडाध्यक्ष र कार्यपालिकाका सदस्यहरुले गाउँपालिकाका अध्यक्ष सर्केश घलान र प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानविरुद्ध उत्प्रेषण परमादेश मुद्दामा रिट दायर गर्नुभएको थियो। रिटमा सोमबार अदालतकी न्यायाधीश शकुन्तला घिमिरेको एक इजलासले उक्त आदेश जारी गर्दै असार २८ गतेका लागि रिट निवेदक र विपक्षीलाई उपस्थित हुन आदेश दिनुभएको थियो।

अदालतका रजिष्ट्रार केशरनाथ अर्यालका अनुसार अन्तरिम आदेश जारी नहुने भएसँगै अब उक्त मुद्दाले अग्राधिकार पाउनेछ। मुद्दाको अब साउन १५ गतेभन्दा अगाडि पेशी नतोकिने भएको छ। साउन १५ गतेसम्म कुनै मुद्दाको पेशी नतोकिने रजिष्ट्रार अर्यालले बताउनुभयो। उक्त फैसलासँगै अब बागमतीको बजेट ल्याउने कुरामा कुनै बाधा नहुने भएको छ।

# मनकामना टोलमा फलफूलका विरुवा वितरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित मनकामना 'ख' टोल विकास संस्थाले एक घर एक फलफूलका विरुवा कार्यक्रम सञ्चालन गरेको छ। गत सोमबारदेखि संस्थाले उक्त कार्यक्रम सुरु गरेको हो।

संस्थाकी कोषाध्यक्ष देवकी खत्रीका अनुसार संस्थाभित्रका तीन सय घरपरिवारलाई फलफूलका विरुवा प्रदान गरिएको छ। बिग्रँदै गरेको वायुप्रति सकारात्मक सुधार र विषादीयुक्त फलफूल बजारबाट किन्नुपर्ने अवस्थालाई केही मात्रमा भएपनि कम गर्ने उद्देश्यले संस्थाले फलफूलका विरुवा वितरण गरेको उहाँले बताउनुभयो।

संस्थालाई मकवानपुरगढी गाउँपालिकास्थित धादिङ डिभजन वन कार्यालयले ९० वटा आँप, ८० वटा लिची र २० वटा एभोकाडोका कलमी विरुवा प्रदान गरेको। यस्तै, डिभिजन वन कार्यालय मकवानपुरले १ सय आँप र ५० कागतीको कलमी विरुवा प्रदान गरेको छ।

# साहित्य सम्मान-२०८१ तथा रचना वाचन कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौंडाः २११ औं भानु जयन्तीको अवसरमा आयोजित वासुदेव-भानु स्मृति साहित्य सम्मान-२०८१ तथा रचना वाचन कार्यक्रम सम्पन्न भएको छ। शुक्रबार वासुदेव-भानु स्मृतिको आयोजना तथा भानु माविको सहयोगमा भानुभक्तको शालिकमा माल्यार्पण गरी उद्घाटन गरिएको नेपाल पत्रकार महासंघका कार्यबाहक अध्यक्ष ध्रुव अधिकारीले जानकारी दिनुभयो।

भानु जयन्ती शनिबारका दिन परेकाले संस्थाले एकदिन अघि शुक्रबार कार्यक्रम आयोजना गरेको हो। वासुदेव रिजाल स्मृति प्रतिष्ठानले २०७१ सालदेखि हरेक वर्ष एकजना साहित्यकारलाई सम्मान गर्दै आएको छ। प्रतिष्ठानले २०७१ सालमा भानु माविमा भानुभक्तको शालिक स्थापना गरेपश्चात् सम्मान तथा कविता वाचन कार्यक्रम गर्दै आएको छ।

कार्यक्रममा साहित्यकार दीपक गौतमलाई १५ हजार रुपैयाँसहित सम्मानपत्रले सम्मान गरिएको छ। नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक तथा परिकल्पनाकारसमेत रहनुभएका गौतमले साहित्य क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै पुरस्कार प्रदान गरिएको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा भानु माविका १० जना विद्यार्थीहरुले कविता वाचनसमेत गरेका थिए। प्रतियोगितामा उत्कृष्ट हुने ३ जना र सान्त्वना हुने २ जनालाई नगद राशिसहित सम्मान गरिएको छ। प्रतियोगितामा उकृष्ट हुने श्रीया फुयाँल, सनमाया ब्लोन र अनुश्री अधिकारीलाई नगद २ हजार रुपैयाँ र प्रमाणपत्रसहित सम्मान गरिएको थियो भने सान्त्वना हुने अनुष्का दहाल र स्वराज सापकोटालाई पाँच सय रुपैयाँ नगदसहित सम्मानपत्रले सम्मान गरेको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा वासुदेव रिजाल प्रतिष्ठानका कोषाध्यक्ष अञ्जना उपाध्याय रिजालको सभाध्यक्षता तथा भानु माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिलप्रसाद चौलागाईको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापा र समितिका अध्यक्ष लक्ष्मण भट्टराईको विशेष आतिथ्य थियो।

कार्यक्रममा अनिता न्यौपाने, सन्तोषी नगरकोटी, राजकुमार लामिछाने, शिवराज शाही, सुवास सजल आदिले कविता वाचन गर्नुभएको थियो। कार्यक्रममा निर्णायकको भूमिकामा साहित्यकार शिवराज शाही र सुवास सजल रहनुभएको थियो।

प्रतिष्ठानले २०७१ सालमा साहित्यकार रामचन्द्र आचार्य फुर्सती, २०७२ मा पुरुषोत्तम आचार्य, २०७३ मा प्रभा भट्टराई, २०७४ मा श्यामकुमार बानियाँ, २०७५ मा नरेन्द्र परासर, २०७६ मा मुना अर्याल, २०७७ मा निमेष निखिल, २०७८ जनार्दन शर्मा, २०७९ मा ठाकुर शर्मा भण्डारी र २०८० मा सुनिल गौतमलाई सम्मान गरेको प्रतिष्ठानका अध्यक्ष आरसी रिजालले बताउनुभयो।

# पहिरोले कुलेखानी-मार्खु सडकखण्ड बन्द

समाज संवाददाता

हेटौंडाः हेटौंडाबाट काठमाडौं जोड्ने कुलेखानी-मार्खु-काठमाडौं सडकखण्ड पहिरोका कारण बन्द भएको छ। शुक्रबार परेको अविरल वर्षाको कारण इन्द्ररोवर गाउँपालिका वडा नम्बर १ मा पहिरो खस्दा सडकखण्ड बन्द भएको हो।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार शुक्रबार दिउँसो ३ बजेको समयमा खसेको पहिरोको कारण उक्त सडकखण्ड पूर्ण रुपमा अवरुद्ध भएको छ। उक्त स्थानमा अहिले अस्थायी प्रहरी पोष्ट मार्खुबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा प्रहरी टोली खटिएको छ। बाटो खुलाउनका लागि सडक विभाग र स्थानीय तहसँग समन्वय भइरहेको प्रवक्ता भण्डारीले बताउनुभयो।

# २० जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः रक्तसञ्चार केन्द्र हेटौंडामा भएको रक्तदान कार्यक्रममा २० जनाले रक्तदान गरेका छन्। शुक्रबार अखिल नेपाल महिला संघले आयोजना गरेको कार्यक्रममा ५ जना महिला र १५ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ।

केहि दिनदेखि रगतको अभाव भएपछि रक्तसञ्चार केन्द्रले रक्तदान कार्यक्रम आयोजनाका लागि विभिन्न संघसंस्थालाई आह्वान गरेको थियो। रगतको मागअनुसार रक्तदान कार्यक्रम नभएको रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटाले बताउनुभयो। कार्यक्रमबाट पनि पर्याप्त रगत संकलण नभएको उहाँको भनाइ छ।

अहिले केन्द्रमा जम्मा ५० युनिट रगत स्टकमा रहेको छ। सापकोटाका अनुसार दिनमा १५-२० पोका रगत वितरण हुने गरेको छ। रक्तदान कार्यक्रम गर्न केन्द्रले विभिन्न संघसंस्थालाई आह्वान गरिरहेको छ। पछिल्ला दिनहरुमा रक्तदान कार्यक्रम नभएको उहाँले बताउनुभयो। केन्द्रको रगत संकलन गर्ने मुख्य आधार रक्तदान कार्यक्रम हो।

रक्तसञ्चार केन्द्रले आपतकालीन अवस्थामा फोन गरेर बोलाउँदा रक्तदान गर्न आउने रक्तदाताको पनि सूची तयार पारेर राखेको छ। सूचीमा भएका एक सय ५० जना रक्तदाताहरुलाई आकस्मिक अवस्थामा रक्तसञ्चार केन्द्रमै बोलाएर रक्तदान गराउने गरेको छ।













समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ